नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
# शिक्षा विकास तथा समन्वय इकाइ
कास्की
२०७५

प.स: २०८१/८२
च.नं.: ७८

मितिः२०८१।०४।२२

श्री जिल्ला स्थित सवै विद्यालयहरु
कास्की ।

**विषय: सूचना अधिकारीको व्यवस्था र सामाजिक परीक्षण सम्वन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय कास्कीको च नं ८२३ मिति २०८१।०४।२० को पत्रानुसार सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ६ मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सुचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको ब्यवस्था गर्ने भन्ने ब्यवस्था भएको र सो अनुसार विद्यालयहरुका सूचना अधिकारी तोकी फोटो सहितको विवरण विद्यालयमा सवैले देखिने ठाउँमा राख्न र सोको विवरण यस कार्यालयमा पठाउनका लागि यस अगाडि विद्यालयमा सूचना गरिए अनुसार केहि विद्यालयको विवरण प्राप्त भएको र सूचना अधिकारीको ब्यवस्था गरी विवरण पठाउन बाँकी भएका विद्यालयहरुले सूचना अधिकारीको ब्यवस्था गरी सूचना अधिकारीको फोटो सहितको विवरणको सफ्टकपी deokaski123@gmail.com मा पठाउनुहुन जिल्ला स्थित सवै विद्यालयहरुलाई सूचित गरिएको छ । साथै विद्यालय तहको सार्वजनिक सुनुवाइको महत्वपूर्ण पक्ष विद्यालयको सामाजिक परीक्षण कार्य भएको र विद्यालयले हरेक वर्षको भाद्र मसान्तभित्र विद्यालयको सामाजिक परीक्षण कार्य सम्पन्न गर्नुपर्ने ब्यवस्था भए अनुसार विद्यालयहरुको सामाजिक परीक्षण निर्देशिका २०७८ मा तोकिएका प्रकृया अवलम्बन गरी विव्यसले तयार गरेको र सामाजिक परीक्षण समितिले मूल्याङ्कन गरेको प्रतिवेदनलाई अभिभावकहरुको भेला आयोजना गरी सार्वजनिक एवम् भेलाको उपस्थितीले अनुमोदन गरी अनुमोदनको निर्णय सहितको प्रतिवेदन एक प्रति अनिवार्य रुपमा सफ्टकपि deokaski123@gmail.com मा र हार्डकपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

४।२२
लोकनाथ आचार्य
इकाइ प्रमुख (उप-सचिव)

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय, कास्की
श्री पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय
शिक्षा महाशाखा, कास्की ।
श्री अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।
श्री रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।
श्री माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।
श्री मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

६



CamScanner